बैठक नं. २

आज मिति २०६८ साल श्रावण २० गते शुक्रवार का दिन खाँदवारी नगरकार्यपालिकाका प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्युको अध्यक्षतामा दोस्रो नगरकार्यपालिकाको बैठक बसी निम्नानुसार प्रस्तावहरु माथि छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

## - उपस्थिति -

१. श्री मुरारी प्रसाद खतिवडा, प्रमुख नगरकार्यपालिका.
२. श्री. डेगेश्वरी श्रेष्ठ. उप प्रमुख " — "
३. श्री. निरञ्जन श्रेष्ठ. अध्यक्ष वडा नं. १. सदस्य.
४. श्री. ज्ञान बहादुर श्रेष्ठ. " — २ "
५. श्री. तोयानाथ ढुंगाना " — " ३ "
६. श्री. सर्जित राई " — " ४ "
७. श्री. बम बहादुर घले " — " ५ "
८. श्री दयानिधि बराल " — " ६ "
९. श्री. मौसम आले मगर " — " ७ "
१०. श्री. उमेर बहादुर कटुवाल " — " ८ "
११. श्री. टिकाराम कुसाल " — " ९ "
१२. श्री. केशवराज सा थापा " — " १० "
१३ श्री नगेन्द्र गुरुङ " — " ११ "
१४. श्री पदमलाल कार्की. सदस्य
१५. श्री सुनिता कटुवाल कार्की "
१६. श्री गोपी घिमिरे प्राजुली "
१७. श्री. इन्द्रमाया बरायली "
१८. श्री. चन्द्रकला तामाङ "
१९. श्री. बाल कुमारी कार्की लेडारी "
२० श्री. लक्ष्मी राई खुवार "
२१. श्री. कुरुगाङ लामा "
२२. श्री सुवास श्रेष्ठ . नगरकार्यपालिका सचिव.

### निर्णय नं. १

आसन्न खाँदवारी नगरकार्यपालिकाको प्रथम नगर सभा - संचालनका लागि तपसिलमा उल्लेखित कार्यतालिका, मार्ग निर्देशन तथा वडागत रुपमा योजना छनौट गर्ने (बस्ती / टोल स्तरबाट) सम्बन्धित

गरियो ।

## प्रथम नगर सभा सम्पन्न गर्ने कार्यतालिका :

| सि.नं. | बिषय/बिभिन्न समितिको बैठक | कहिले ? | कार्यालयबाट सहजीकरण गर्ने कर्मचारी | कहाँ र कहिले ? |
|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक | २०७४/०४/१९ | | १. स्थान : न.पा. भवन<br>२. समय : ........०० बजे देखि |
| २ | श्रोत अनुमान समितिको बैठक | २०७४/०४/१९ | | |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७४/०४/ | | |
| ४ | बिषयगत कार्यालयहरुको बैठक (शिक्षा, स्वास्थ्य, खानेपानी, पशु, सिंचाई, आयुर्बेद, महिला बिकास, मालापोत आदी) | २०७४/०४/२१ | | |
| बिषयगत समितिहरुको बैठक : | | | | |
| १ | सार्बजनिक सेवा तथा क्षमता बिकास समितिको बैठक | २०७४/०४/२२ | प्र.अ. दिनेश कट्टेल | |
| २ | सामाजिक बिकास समितिको बैठक | २०७४/०४/२३ | सा.बि.अ. खेमराज निरौला | |
| ३ | पुर्बाधार बिकास समितिको बैठक | २०७४/०४/२२ | ई. श्री सुरज श्रेष्ठ | |
| ४ | बिद्येयक समितिको बैठक | २०७४/०४/२३ | प्र.अ. दिनेश कट्टेल | |
| ५ | आर्थिक बिकास समितिको बैठक | २०७४/०४/२२ | ले.अ. श्री नबिनकुमार श्रेष्ठ | |
| ६ | वातावरण तथा बिपद् ब्यवस्थापन समितिको बैठक | २०७४/०४/२३ | सा.बि.अ.श्री खेमराज निरौला | |

## मार्ग निर्देशन :

॥ समितिबाट योजना/आयोजना तर्जुमा तथा प्राथमिकिकरणका आधारहरु निम्न बमोजिम हुने भएकोले सोही नुशार छनौट गरि सिफारिस पठाउनु पर्ने छ :

**स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (बुँदा नं. १, ३, ३.१, ३.२ अनुशार)**

आर्थिक बिकास र गरिबि निवारणमा प्रतक्ष योगदान पुर्‍याउने ।

उत्पादनमूलक र छिटो प्रतिफल दिने ( ठूला आयोजनाहरुको हकमा बढिमा ३ बर्ष भित्र सम्पन्न हुने ।)

राजश्व परिचालनमा योगदान पुर्‍याउने ।

सेवा प्रबाह, संस्थागत बिकास र सुशासनमा योगदान पुर्‍याउने ।

स्थानिय स्रोत साधनमा आधारित भई जनसहभागीताका अभिबृद्धि गर्ने ।

लैंगिक समानता, सामाजिम समाबेशीकरणको अभिबृद्धि हुने ।

दीगो बिकास, वातावरण संरक्षण र बिपद ब्यवस्थापनमा योगदान पुर्‍याउने ।

समुदायलाई बिपद तथा जलबायु परिबर्तन उथ्थानशिल बनाउने ।

स्थान बिशेषको संस्कृति र पहिचान प्रबर्धन गर्ने ।

बजेट तथा योजना तर्जुमा गर्दा सहभागीतामुलक प्रकृयाबाट नतिजामूलक ढंगले सम्पन्न हुने ।

भौगोलीक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति झल्कने बस्तुगत विवरण ( profile) तयारी गर्ने ।

बिकासका समसायीक मुद्धाहरु जस्तै : सामाजिक संरक्षण, दीगो बिकास, जलबायु परिबर्तन, बिपद ब्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण, समाबेसी बिकास, बाल मैत्री स्थानिय शासन, वातावरण मैत्री स्थानिय शासन, खुल्ला दिशा मुक्त तथा पुर्ण सरसफाई, उर्जा संकट, आदी जस्ता बिषयहरु ।

वडा समितिबाट प्राथमिकिरण गरि नगर/सभाषद बिकास कोष/प्रदेश/संघ सरकार वा केन्द्र सरकार र बिभिन्न अन्तराष्ट्रिय दाता समक्ष योजना/आयोजना माग गर्दा देहाय बमोजिम बिषय क्षेत्रगत रुपमा सूची तयार गरि छुट्याई पठाउनु पर्ने छ ।

क) आर्थिक बिकास : कृषि, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी, बित्तीय क्षेत्र)

ख) सामाजिक बिकास : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण)

ग) पूर्बाधार बिकास : सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन तथा सहरी बिकास, उर्जा, लघु तथा साना जलबिद्युत, बैकल्पीक उर्जा, संचार

घ) वातावरण तथा बिपद ब्यवस्थापन : वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलबायु परिबर्तन, फोहोरमैला ब्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, बिपद ब्यवस्थापन, बारुण यन्त्र संचालन

ङ) संस्थागत बिकास तथा सेवा प्रबाह : मानव संसाधन बिकास, संस्थागत क्षमता बिकास, संस्थागत पुर्बाधार, नागरिक बडापत्र तथा टोकन प्रणाली, सेवा प्रबाहका मापदण्ड निर्धारण, सेवा प्रबाहमा बिद्युतिय सूचना प्रबिधिको प्रयोग

च) बित्तीय ब्यवस्थापन र सुशासन : लेखांकन, राजश्व परिचालन, बित्तीय अनुशासन, वित्तीय जोखिम न्यूनिकरण, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छौट, सूचना तथा संचार ब्यवस्थापन आदी)

**खाँदबारी नगरपालिकाको नगर सभाको तयारीको लागी वडागत रुपमा योजना छनौट गर्ने (बस्ती/टोल स्तरबाट योजना छनौट) सम्बन्धि कार्य तालिका, २०७४**

| सि.नं. | वडा नं. | मिति | भेला हुने स्थान र सहजीकरणका लागी कार्यालयबाट खटिने कर्मचारीहरु | समय |
|---|---|---|---|---|
| १ | २,४,५ १० | २०७४/०४/ २६ | २ नं. वडा - चार बर चेवा । (राजकुमार राई र सा.प.)<br>४ नं. - अरुण थान (चूडामणि खनाल र सा.प.)<br>५ नं. वडा - श्री सरस्वति मा.बि. माल्टा सुमन दाहाल र सा.प.)<br>१० नं. वडा - श्री वडा समितिको कार्यालय । (मोलीलाल बस्नेत, चूडामणि दाहाल र सा.प.) | दिनको ठिक १०.०० बजे देखि । |
| २ | १, ३, ६, र ८ | २०७४/०४/ २७ | १ नं वडा - न.पा. भवन (दिनेश कट्टेल र सा.प.)<br>३ नं.- श्री महेन्द्र उ.मा.बि.,मानेभन्ज्याङ्ग । गणेश श्रेष्ठ र सा.प)<br>६ नं. वडा - श्री बिद्योदय संस्कृत मा.बि. । (खेमराज निरौला र सा.प)<br>८ नं. वडा - वडा भवन डाँडागाउँ । (राधा कटुवाल र सा.प.) | |
| ३ | ७, ९ र ११ | २०७४/०४/२८ | ७ नं. वडा - श्री मंगलादेबी नि.मा.बि. तिनपोखरी । (खेमराज निरौला र सा.प.)<br>९ नं. वडा - श्री चन्द्रोदय प्रा.बि. ढुंगेबिसाउना । (दिनेश कट्टेल र सा.प.)<br>११ नं. वडा - हिमालय मा.बि.आंला (मोतीलाल बस्नेत, चूडामणि दाहाल, मनोजकुमार चापागाई र सा.प.) | |

निर्णय नं. २

राजस्व परामर्श समितिले मिति २०६८।०४।१५ गते पेश गरेको राजस्व संभाव्यता अध्ययन प्रतिवेदन अनुसार पेश भएका राजस्वका दररेट, दायरा र सुझावहरूलाई आजको बैठकमा पेश भई छलफल हुँदा पेश भएको प्रतिवेदन स्विकृत गरि आगामी नगर सभामा स्वीकृतिका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो । तर प्रतिवेदनको सि.नं. ४८ को हाट तथा पिठौरी करको ~~शिर्षक~~ शिर्षकमा रहेको सि.नं.४५ को मर्चा मदिरा तयार गर्ने कच्चा पदार्थ मा लाग्ने शुल्क हटाउने समेत निर्णय गरियो ।

निर्णय नं. ३

आ.व. २०६८/०६९ को लागि साना पुर्वाधार तथा कार्यक्रमको लागि वडा बाट संचालन हुनेगरि प्रत्येक वडाहरूमा ३ ~~२~~ लाखका दरले वितरण गर्ने प्रस्ताव आजको बैठकमा पेश भई छलफल हुँदा सो प्रस्तावलाई स्वीकृत गरि आगामी प्रथम नगर सभामा निर्णयका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो

निर्णय नं. ४ विविध

नगरपालिका बाट प्रदान भइरहेको सेवा प्रवाह व्यवस्थापन र कर्मचारीको कामको निरन्तर अनुगमन गर्न र बी.पी. कम्पाउण्ड भित्र मिटर क्यारटेन व्यवस्थापन गर्ने सम्बन्धमा कार्यपालिकालाई सुझाव प्रस्तुत गर्नका लागि देहायका कमिटि गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री मौसम आले मगर
२. सदस्य श्री. डम्बर बहादुर कटुवाल
३. सदस्य श्री. पुनीता कटुवाल खत्री

आजको बैठक यहीं अन्त गरियो ।
बैठक पुस्तिका लेखक, गणेश अधि ना.प.